**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १६ मार्च २०२३

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

१. पश्चिम बंगालमा पुलिस महानिर्देशकको रुपमा सञ्जय मुखर्जीलाई कमाण्ड दिइएको छ।
२. चुनाव आचार संहिता उल्लघनको आरोपमा भाजपाद्धारा फिरहाद हाकिम विरुद्ध निर्वाचन आयोगमा उजुरी द्य
३. भागोप्रमो समर्थित तृणमूल प्रार्थी गोपाल लामाले आगामी २८ मार्चमा नामांकन पत्र भर्नेद्य
४. क्रामाकपा केन्द्रिय कमिटीको चुनावी सभा सम्पन्न  ६ सदस्य चुनाव कमिटी गठन ।
५. साउथफिल्ड कलेज दार्जीलिङको पहलमा ”भारतीय नेपाली चलचित्र रू अध्ययन र विमर्श“ शीर्षकमा एक दिवसीय राष्ट्रिय सङ्गोष्ठी सम्पन्न।

**पुलिस महानिर्देशक**

पश्चिम बंगालका पुलिस महानिर्देशक राजीव कुमारलाई हटाएर उहाँको स्थानमा सोमबार निर्वाचन आयोगमा पुलिस महानिर्देशक विवेक सहायलाई नियुक्त गरिएको छ। अब २४ घण्टाभित्र उहाँलाई पनि पदबाट हटाएर उनको स्थानमा सञ्जय मुखर्जीलाई कमाण्ड दिइएको छ। निर्वाचन आयोगले आज सञ्जय मुखर्जीलाई राज्य पुलिस महानिर्देशकमा नियुक्त गरेको छ। सोमबार आयोगले राजीव कुमारलाई राज्य पुलिसको डीजी पदबाट हटाएर राज्यबाट तीनजनाको नाम मागेको थियो। यस सूचीबाट विवेक सहायलाई कमाण्ड दिइएको थियो तर निर्वाचन आयोगले आज राज्यका मुख्य सचिव बी.पी. गोपालिकालाई पत्र लेखे । सचिव राकेश कुमारले हस्ताक्षर गरेको पत्रमा आयोगले श्री सञ्जयलाई राज्यको पुलिस महानिर्देशकमा नियुक्त गर्न लागेको बताइएको छ । उहाँलाई यो पद तत्काल प्रभावबाट सम्हाल्न भनिएको छ ।

****** ० ******

**निर्वाचन आयोगमा उजुरी**

बीजेपीले आज कोलकाताका मेयर फिरहाद हाकिम विरुद्ध निर्वाचन आयोगमा उजुरी दायर गरेको छ। गार्डेनरिच क्षेत्रमा भवन भत्किएर पीडितलाई क्षतिपूर्ति दिने घोषणा गरेर नमुना आचारसंहिता (एमसीसी) उल्लङ्घन गरेको आरोप उहाँमाथि लागेको छ । दक्षिण कोलकाताको बाहिरी भागमा सोमबार निर्माणाधीन पाँच तले भवन भत्किँदा नौ जनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन् । घटनास्थल पुगेका नगर मामिला तथा शहरी विकास मन्त्री समेत रहेका मेयर हाकिमले पश्चिम बंगाल सरकारले मृतकका परिवारलाई ५ लाख र घाइतेलाई १ लाख रुपैयाँ क्षतिपूर्ति दिने घोषणा गर्नु भएको थियो। आज भाजपा नेता शिशिर बाजोरियाले मुख्य निर्वाचन आयुक्त राजीव कुमार र पश्चिम बंगालको मुख्य निर्वाचन कार्यालयमा उजुरी दर्ता गर्नु भएको छ। त्यसमा मेयरले क्षतिपूर्ति घोषणा गरेर आचारसंहिता उल्लङ्घन गरेको आरोप लागेको छ|

****** ० ******

**विधायक नौशाद सिद्दीकी**

ISF विधायक नौशाद सिद्दीकीले आज गार्डेनरिच घटनास्थलको भ्रमण गर्नु भएको छ। यस क्रममा उहाँले स्थानीयसँग कुराकानी गर्नु भयो। नौशादले धेरै विषयमा आफ्नो धारणा राख्नु हयेको थियो। उहाँले उद्धार कार्यलाई तीव्रता दिन माग गर्नु भयो । उहाँले जलाशयमा अवैध निर्माणका कारण हुने असरको जिम्मेवारी नगरपालिका र प्रशासनले लिनुपर्ने बताउनु भयो। उहाँले प्रवर्द्धक मात्र नभएर घटनामा संलग्न सबैलाई पक्राउ गर्न माग गर्नु भयो।विधायकले भन्नु भयो जसको घरमा क्षति पुगेको छ र आफन्त गुमाएका छन् त्यसको जिम्मेवारी राज्य सरकारले लिनुपर्छ।उल्लेखनीय छ कि आइतबार मध्यरातमा गार्डेनरिचमा निर्माणाधीन एक भवन नजिकैको बस्तीमा भत्किएको थियो, जसमा २१ जना पुरिएका थिए। तीमध्ये नौ जनाको मृत्यु भएको छ भने १२ जनाको एसएसकेएम र कोलकाताका अन्य अस्पतालमा उपचार भइरहेको छ। अन्य पाँच जनाको अवस्था चिन्ताजनक रहेको बताइएको छ ।

****** ० ******

**गोपाल लामा नामाङ्कन पत्र**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले गोपाल लामाको नामाङ्कन पत्र दार्जीलिङमा 28 मार्चको दिन भर्ने भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रिय महासचिव अमर लामाले एक भिडियो सन्देश जारी गरी जानकारी दिनु भएको छ।भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले गोपाल लामालाई आगामी लोकसभा संसदीय चुनाउका प्रार्थीको रूपमा नाम अघिबाटै घोषणा गरिसकेको उहाँले बतौनु भयो। महासचिव लामाले गोपाल लामाको नामाङ्कन दर्ता गर्ने तारिक आगामी 28 मार्च तय गरेको बताउनु हुँदै त्यस दिन बिहान महाकाल बाबाको दर्शन अनि आशीर्वाद लिएर ठूलो संख्यामा जिल्ला चुनाउ अधिकारीको कार्यालयमा जाने बताउनु भएको छ।उहाँले भन्नु भयो, 'हाम्रो प्रार्थी गोपाल लामालाई दार्जीलिङ, खरसाङ, पहाड, समतल अनि डुवर्समा नचिन्ने व्यक्ति विरलै होलान्। गोपाल लामाले विगत 20 वर्ष प्रशासनिक कार्यमा बिताउनु भयो। उहाँ दार्जीलिङका एडीएम हुनुहुन्थ्यो। उहाँले जीटीएमा पनि सचिवको कार्यभार सम्हाल्नु भयो। उहाँ मङपु सिनकोनाको प्रबन्धक हुनुहुन्थ्यो। उहाँ परिचित व्यक्ति हुनुहुन्छ। उहाँ धेरै सँस्थाहरूसँग संलग्न व्यक्ति पनि हुनुहुन्छ।'

****** ० ******

**क्रामाकपाको चुनावी सभा**

क्रामाकपा केन्द्रिय कमिटीको आज एक सभा पार्टी केन्द्रिय अध्यक्ष जेबी राईको अध्यक्षतामा सम्पन्न भयो। सभामा पार्टीका वरिष्ठ नेता परामर्श समितिका अध्यक्ष आरबी राई लगायत सम्पूर्ण केन्द्रिय सदस्यहरूको उपस्थिति थियो।सभामा आगामी लोकसभा चुनाउमा क्रामाकपा पार्टीको अडान के कस्तो हुन्छ भन्नेबारे विस्तारित रुपमा चर्चा गरियो। क्रामाकपाले गठबन्धनमा रहेका प्रमुख दल, जसले आजसम्म कुनै उम्मेदवार चयन गर्न नसकिरहेको स्थितिलाई ध्यानमा राख्दै तथा अलग राज्य आकांक्षित दलहरूसँग चर्चा गरेर लोकसभाको चुनाउबारे एउटा सामूहिक निर्णय बनाउनका लागि क्रामाकपा केन्द्रिय महासचिव नर्बु लामाको अगुवाइमा ९ सदस्य चुनाउ कमिटी गठन गरेको छ।उक्त कमिटीले सम्पूर्ण विकल्पहरू माथि चर्चा गर्ने र आगामी चुनाउमा कसलाई साझा उम्मेदवार उठाउनुपर्ने भन्ने बारे पहाडका गोर्खाल्याण्ड पन्थी दलहरूसित चर्चा गरेर निर्णय गर्ने आजको सभाले प्रस्ताव ग्रहण गरेको छ। अब चाँडै सबैसँग परामर्श गरेर एउटा सामूहिक र अलग राज्य गोर्खाल्याण्डको निम्ति एक इमान्दार उम्मेदवारको बारेमा अथवा यो चुनाउमा खडा गरिएका प्रार्थीलाई कसरी जिताउन सकिन्छ भन्ने कौशल तयार गर्न सबैसित परामर्श गरिने प्रस्ताव गरिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**सिलगड़ी अग्निकाण्ड**

सिलगड़ी जंक्शन संलन इलाका स्थित विस्तृत फैलिएको झोड़ीमा आज दिउँसो आगो लागेको घअनाले क्षेत्रमा आतंक मच्चियो। जंक्शनको प्लेटफार्म नम्बर चार र पाँच संलग्न इलाकामा फैलएिको धुवाँको कारण यात्रीहरूले कठिनाईका ेसामना गर्नपऱ्यो। आगलागीको सूचना पाएपछि जी.आर.पी, र आर.पी.एफ का अधिकारीहरू साथै दमकल विभागका कम्रचारीहरू घटनास्थलमा पुगेर आगोमाथि नियन्त्रण पाउन सम्पूर्ण यत्न गर्न थाले तथापि चियसे पन बढ़दै गएपछि आगो स्वतः निभेर गयो। शीतकालनि यामा पानी नपरेको अवस्था, त्यहीमाथि अहिलेको सुख्खा मौसमले विकट बनेको सिलगड़ी शहर लगभग धूलोले नुहाएको देखिन्छ। त्यसमाथि अझ जंगलको सुख्खा घाँस- पातमा लागाईएको डढ़ेलोको धुवाँ थपिएकोले पर्यावरणविद लागायत चिकित्सक समुदायले चिन्ता प्रकट गरिरहेका छन्। अत्याध्कि वायु प्रदुषणले सिलगड़ी शहरमा श्वास प्रश्वास सम्बन्धी समस्याले ग्रस्त रोगीको संख्या पनि चिन्ताजनक रूपले बढ़िरहेको छ। यस्तो जोखिमपूर्ण समस्याको निराकरण गर्न पर्यावरणविदहरूले रूखहरू रोप्न मानिसहरूलाई सुझाव दिइरहेका छन्।स्मरण गराइन्छ कि हालैमा घैयावारीमा जतंगलमापनि आागले विराट रूप लिई घैयाबारी चियाबगान तथा कोठीलाई आफ्नो चपेटमा लिएको थियो।

****** ० ******

**नेपाल पानि संकलन**

दक्षिण एसियाका देशहरूले नेपालमा आवश्यक उत्कृष्ट अभ्यास, अनुसन्धान, आविष्कार र नीतिगत हस्तक्षेपको अन्तरविषय आदानप्रदान गर्न भेला भएका वर्षाको पानी सङ्कलन र व्यवस्थापनसम्बन्धी क्षेत्रीय सम्मेलन काठमाडौंमा चलिरहेको छ। नेपालका ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्री शक्तिबहादुर बस्नेतले दिगो विकास लक्ष्य (एसडीजी) हासिल गर्न वर्षाको पानी सङ्कलन, त्यसको व्यवस्थापन र प्रयोगलाई प्रवर्द्धन गर्न आवश्यक रहेको बताउनु भएको छ। ललितपुरमा आजदेखि शुरु भएको

वर्षा सङ्कलन तथा व्यवस्थापनसम्बन्धी क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्नुहुदै उहाले जलवायु परिवर्तनको असरका कारण पानीका परम्परागत स्रोत सुक्दै गएको बताउनु भयो| मन्त्री बस्नेतले जलवायु परिवर्तनको असरले पानीको अभाव हुन सक्ने भन्नुहुदै समयमै चुनौती पहिचान गरी समाधान खोज्नुपर्नेमा जोड दिनुभयो। उहाले पानीका स्रोतको संरक्षणमा पनि जोड दिनुभयो।

****** ० ******

**युवकको शव फेला**

जलपाईगाडी जिल्लाको राजगञ्ज ब्लकको सन्यासिकटा ग्राम पञ्चायतको पागलहाटको डोलिजोत क्षेत्रमा आज बिहान घर नजिकैको रुखमा झुण्डिएको अवस्थामा एक युवकको शव फेला परेको हो। पारिवारिक श्रोतका अनुसार रित एक मात्र छोरा थिए। उनी सिलगढीको एक निजी कम्पनीमा काम गर्थे। आज बिहान घरनजिकैको रुखमा झुण्डिएको अवस्थामा रितको शव फेला परेपछि सो क्षेत्रमा सनसनी मच्चिएको थियो। रीतले किन यस्तो कदम चालेको परिवारले बुझ्न सकेको छैन। घटनाको जानकारी राजगञ्ज पुलिस थानालाई दिइएको थियो। सूचना पाएपछि पुलिसले घटनास्थलमा पुगेर शवलाई नियन्त्रणमा लिएर पोस्टमार्टमका लागि पठाएको छ। पुलिसले सम्पूर्ण घटनाको अनुसन्धान सुरु गरेको छ।

****** ० ******

**घुम्ती चियाबारीको जमीन**

खरसाङ महकुमा अन्तर्गत घुम्ती चियाबारीको जमीन दखल गरेको भन्दै यसको विरोधमा चियाबारीका श्रमिकहरूले विभिन्न विभागहरूमा ज्ञापन पत्र बुझाएका छन्| घुम्ती चियाबारीको अधीनमा रहेको खरसाङको बरबुङ चियाबारी क्षेत्रमा जमीन दखल गरेर फेन्सिङ गरेको भन्दै यसको विरोधमा घुम्ती चियाबारीका श्रमिकहरूले खरसाङ महकुमा शासक, खरसाङ विकास अधिकारी, खरसाङ पुलिस थाना, बीएलआरओ र एएलसीलाई ज्ञापन पत्र बुझाएका छन्| घुम्ती चियाबारीका श्रमिकहरूले सन् 1962 सालदेखि बरबुङ क्षेत्रमा घुम्ती चियाबारीले सञ्चालन गर्दै आइरहेको र अहिले आएर कसैले जमीन कब्जा गरेर फेन्सिङ लगाएको भन्दै विरोध जनाएका छन्| श्रमिकहरूले ज्ञापन पत्र बुझाएपछि पत्रकारहरूसित कुराकानी गर्दै घुम्ती चियाबारीको पक्षमा एक श्रमिक देबेन्द्र सुब्बाले उक्त जानकारी गराउनु भएको छ|

****** ० ******

**भारतीय नेपाली चलचित्र : अध्ययन र विमर्श**

नेपाली विभाग, साउथफिल्ड कलेज दार्जीलिङको पहलमा "भारतीय नेपाली चलचित्र : अध्ययन र विमर्श" शीर्षकमा एकदिवसीय राष्ट्रिय सङ्गोष्ठी सम्पन्न भयो। सातवटा सत्रमा विभाजन गरेर सञ्चालन गरिएको सङ्गोष्ठीका उद्घाटन सत्रका अध्यक्ष डा. अनुराधा राईले गर्नु भएको थियो भने प्रमुख अतिथिको रूपमा सिक्किमका वरिष्ठ नाटककार, चलचित्रकर्मी चुनीलाल घिमिरे उपस्थित हुनु हुन्थ्यो।उद्घाटन सत्रमा बीज भाषण उत्तर बंग विश्वविद्यालयको विभाग प्रमुख डा पुष्कर पराजुलीले राख्नु भएको थियो। उद्घाटन सत्रका अन्य विशिष्ट अतिथिहरूमा अवकाशप्राप्त प्रो प्रतापचन्द्र प्रधान, सिक्किम विश्वविद्यालय, वरिष्ठ नाटक र चलचित्रकर्मी मेनुका प्रधान र डा सुजाता रानी राई विभाग प्रमुख दार्जिलिङ सरकारी महाविद्यालय उपस्थित थिए| उद्घाटन सत्रमा दार्जीलिङ र सिक्किम भेगका कलाकारहरूलाई साउथफिल्ड कलेजद्वारा सम्मान पनि जनायो। सम्मानित व्यक्तित्वहरूमा किरण ठकुरी, जीवन गुरूङ, मोहन विष्ठ, पुकार गुरूङ, कमला लेप्चा, विवेक राई, पुष्कर सिंगर, रिन्छेन शेर्पा, विक्रम गौतम, प्रदिप रसाइली आदि थिए| उद्घाटन सत्रपछि पाँचवटा प्राविधिक सत्र सञ्चालन गरियो। प्राविधिक सत्रका सत्र अध्यक्ष क्रमश डा राधा शर्मा, सन्त जोसेफ्स महाविद्यालय, डा राजकुमार छेत्री, दार्जीलिङ सरकारी महाविद्यालय, डा वलाराम पाण्डे सिक्किम विश्वविद्यालय, डा योगेश खाती, खरसाङ महाविद्यालय रहेका थिए| प्राविधिक सत्रहरूमा जम्मा २२ वटा कार्यपत्रहरू प्रस्तुत गरियो।

****** ० ******

**भाजपा त्यागेर तृणमूल काँग्रेसमा सामेल**

दार्जीलिङ जिल्ला भाजपा अल्पसंख्यक उपाध्यक्ष सराफद अलि र महासचिव तनजील अहमद भाजपा त्यागेर तृणमूल काँग्रेसमा सामेल भएका छन्| खरसाङमा आज एक पत्रकार सम्मेलन बोलाएर भाजपामाथि झूटो आशा देखाएको आरोप लगाउँदै दुवैले भाजपा त्यागेको बताएक छन्।

उनीहरूले आरोप लगाउँदै भन्नु भयो, भाजपाले सहुलियतको नाममा जनतालाई लट्याउने काम मात्र गरिरहेको छ। यस्तो झूटो सपना देखाउने पार्टीले जनताको कुनै काम गर्न सक्दैन। यस कारण भाजपालाई त्यागेर तृणमूल काँग्रेसमा सामेल भएका हौं। उहाँहरूले चाँडै खरसाङमा अल्पसंख्यकहरूको कमिटी बनाउने र तृणमुल काँग्रेस दार्जीलिङ अध्यक्ष शान्ता छेत्री र मुख्यमन्त्री ममता ब्यानर्जीको छत्रछाँयामा बसेर काम गर्ने बताएक छन् ।
भाजपा पार्टी त्यागेर तृणमूल काँग्रेसमा सामेल भएपछि सराफद अलिलाई दार्जीलिङ जिल्ला माइनोरिटी कमिटी उपाध्यक्ष र तनजील अहमदलाई दार्जीलिङ जिल्ला युथ उपाध्यक्ष नियुक्ति गरिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**कोलकाता अबैध भवन**

कोलकातामा एक अवैध भवन भत्किँदा कम्तिमा नौ जनाको मृत्यु भएको एक दिनपछि उच्च अदालतमा यस सम्बन्धमा याचिका दायर गरिएको छ। अवैध भवनहरू भत्काउन रोक लगाउने याचिकाहरूमा तत्काल सुनुवाइ दिन अस्वीकार गर्दै आज कलकत्ता उच्च अदालतले मानव जीवनलाई कुनै पनि हालतमा बचाउनु पर्छ भनि बताएको छ। धेरै याचिकाकर्ताहरूको प्रतिनिधित्व गर्ने तीन वकिलहरूले तत्काल सुनुवाइको लागि आग्रह गरे। न्यायाधीश अमृता सिन्हाले विभिन्न नगरपालिका क्षेत्रका कथित अनधिकृत भवन भत्काउने आदेशमा हस्तक्षेप गर्न अस्वीकार गर्नुहुदै अदालतले यस्ता मुद्दाको सुनुवाइ सामान्य ढंगले गर्ने बताउनु भयो। एक वकिलले आफ्नो निवेदनको तुरुन्त सुनुवाइको लागि अनुरोध गर्दा न्यायाधीशले भत्काउने कुनै पनि मामलामा अदालतले छुट नदिने बताउनु भयो। कोलकाता महानगरपालिकाको वार्ड-१३४ को गार्डेनरिच क्षेत्रमा सोमबार निर्माणाधीन पाँच तले भवन भत्किँदा कम्तीमा नौ जनाको मृत्यु भएको छ भने अन्य धेरै घाइते भएका छन्। कोलकाताका मेयर फिरहाद हाकिमले विवादित भवन अनधिकृत रूपमा निर्माण भइरहेको बताउनु भयो।

****** ० ******

************